आज मिति २०७८ साल फाल्गुन महिनाको १२ गते दिनको दिउसो १:०० बजे यस कार्यालयका सहायक जिल्ला न्यायाधिवक्ता श्री खुम बहादुर कुँवरको अध्यक्षतामा देहायका कर्मचारीहरुको उपस्थितिमा बसेको कर्मचारीहरुको बैठकमा देहायको बिषयमा छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थितिहरु:

| | |
|---|---|
| सहायक जिल्ला न्यायाधिवक्ता (कार्यालय प्रमुख) | श्री खुम बहादुर कुँवर |
| नायब सुब्बा | श्री आयुष सिंजाली |
| सहायक कम्प्युटर अपरेटर | सुश्री सरिता तामाङ्ग |
| कार्यालय सहयोगी | श्री राम कुमार रोकाया |
| कार्यालय सहयोगी | श्री गगन बहादुर राना |
| कार्यालय सहयोगी | श्री बल बहादुर बि.क. |

छलफलको बिषय:

१ . महान्यायाधिवक्ताको कार्यालय/नायव महान्यायाधिवक्ता तथा उच्च सरकारी वकील कार्यालय, जुम्लाबाट विभिन्न मितिमा भएको परिपत्र/निर्देशन तथा एकिकृत कार्य संचालन कार्यविधि, २०७८ को सम्बन्धमा छलफल गर्ने ।

निर्णयहरु:

१ . महान्यायाधिवक्ताको कार्यालय/नायव महान्यायाधिवक्ता तथा उच्च सरकारी वकील कार्यालय, जुम्लाबाट विभिन्न मितिमा भएको परिपत्र तथा निर्देशनको प्रभावकारी रुपमा कार्यान्वयन गरी कार्यालयको काम कारबाहीलाई चुस्तदुरुस्त बनाउने र माहान्यायाधिवक्ताको कर्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरुको एकिकृत कार्य संचालन कार्यविधि, २०७८ लाई कार्यान्वयन गर्न उक्त कार्यविधिले व्यवस्था गरे अनुसार कार्यालयको काम कारबाहीलाई व्यवस्थित गर्ने गराउने सम्बन्धमा ।

२ . माहान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरुको एकिकृत कार्य संचालन कार्यविधि, २०७८ ले निर्दिष्ट गरे अनुसार कार्यालयमा शाखा/फाँटहरु गठन गरी शाखा/फाँटहरुमा प्रमुख तथा सहायक कर्मचारीहरु समेत तोकि जिम्मेवारी समेत दिईएको हुँदा सम्पूर्ण कर्मचारीहरुले आ-आफुलाई तोकिएको काम जिम्मेवारीपुर्वक गर्ने गराउने ।

३ . २०७८ साल फाल्गुन महिना भरिमा कार्यालयमा विभिन्न निकायबाट अन्तिम निकासा भई आएको तथा कसुर कायम भई कार्यालयमा सफल लगत कट्टा गरीएको र पुनरावेदनको म्याद समेत गुज्रिसकेको मिसिलहरु छुट्टयाई कार्यालयमा सम्पूर्ण व्यहोरा खुल्ने गरी अभिलेख समेत राखी सम्बन्धित अनुसन्धान गर्ने निकायमा फिर्ता पठाई सोको जानकारी महान्यायाधिवक्ताको कार्यालय र उच्च सरकारी वकीलको कर्यालय, जुम्लामा पठाउने ।

४ . कार्यालयको वेबसाईट अपडेट गर्ने गराउने, हालसम्मको अभियोग-पत्र वेबसाईटमा अपलोड गर्न लगाउने, CMS ईन्ट्री र कार्यालयमा हुने निर्णयहरुलाई विद्युतीय माध्यममा समयमा अपलोड गर्न लगाउने र उच्च सरकारी वकील कार्यालयमा पठाउने फाईलहरुलाई CMS ईन्ट्री लगायतका कार्य सम्पन्न गरी मात्र पठाउने ।